# वित्तीय जानकारी इकाई-नेपालद्धारा “कार्यान्वयन अधिकारीहरुको भेला” कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले २०७८ मंसिर २३ गते बिकास बैंकका कार्यान्वयन अधिकारी तथा goAML कार्यान्वयनसँग सम्बन्धित अधिकृतहरुको सहभागितामा "Compliance Officers' Meet" कार्यक्रम सम्पन्न गऱ्यो । उक्त कार्यक्रममा सत्रवटा बिकास बैंकका ३२ जना सहभागी, इकाईका विश्लेषक तथा कर्मचारीहरुको सहभागिता थियो ।




इकाई प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारी कार्यक्रमको थालनी गर्नुभयो । इकाईका उप-निर्देशक अस्मिता गोर्खालीले स्वागत मन्तव्य राख्दै शंकास्पद कारोबार/क्रियाकलाप प्रतिवेदन सम्बन्धी इकाईले जारी गरेको निर्देशिका सम्बन्धी प्रस्तुती गर्नु भयो । यसैगरी इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले goAML सम्बन्धी विषयहरुमा तथा उप-निर्देशक मेदनी प्रसाद पोखेलले राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन तथा पारस्परिक मूल्याङ्कन विषयमा प्रस्तुती गर्नु भएको थियो ।

सहभागीहरुबाट उठेका जिज्ञासाहरु उपर सम्बोधन इकाईका प्रमुख तथा उप-निर्देशकहरुबाट क्रमैसँग भएको थियो । महालक्ष्मी बिकास बैंकका अनुपालन अधिकृत सन्तोष कुमार गौतमले कार्यक्रमको प्रभावकारिता सम्बन्धमा सहभागीहरुको तर्फबाट आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।

इकाईका प्रमुखद्धारा सक्रिय सहभागिताको लागि सबै सहभागीहरुलाई धन्यवाद दिदैं आगामी दिनहरुमा पनि यसैगरी निरन्तर संवाद, समन्वय तथा सहकार्य गर्ने प्रतिबद्धताका साथ कार्यक्रम समापन गर्नुभयो ।